बैठक संख्या २/१३४

आज मिति २०७९ कार्तिक २७ गते विहिबारका दिन सूर्यविनायक नगरपालिकाको १३४ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सावित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| | राजेन्द्र प्रसाद नेपाल आमन्त्रित | प्रशासन शाखा प्रमुख | |
| | अनिरुद्र नेपाल आमन्त्रित | राजस्व परिचालन शाखा प्रमुख | |
| | सर्वदा पण्डित | लेखा अधिकृत | |

**मिति २०७९ कार्तिक २७ गते नगर कार्यपालिका (१३४औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. शिक्षा समितिको बैठक निर्णय अनुमोदन ।
२. विधायन समितिबाट सिफारिस भएको दमकल संचालन कार्यविधि,२०७९ र लेखा समितिको कार्य संचालन नियमावली, २०७९ स्वीकृत गर्ने सम्बन्धमा ।
३. गत विगतमा भएका निर्णयहरुको समीक्षा तथा सुधार ।
४. विविध

**छलफल तथा निर्णयहरु**

**निर्णय नं १**

नगर शिक्षा समितिको मिति २०७९ कार्तिक १५ को बैठक निर्णय निर्णय अनुमोदन गरि निर्णयानुसार कार्य प्रकृया अगाडि बढाउने सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २**

विधायन समितिमा दफावार छलफल भई स्वीकृतीका लागि पेश हुन आएका तपसिल बमोजिमका नियमावली तथा कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | कानूनको नाम |
|---|---|
| १ | लेखा समितिको कार्य संचालन नियमावली , २०७९ |
| २ | साझेदारीमा बारुणयन्त्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ |

**निर्णय नं ३**

एघारौ नगर सभा पश्चात कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको समिक्षा गरि तपसिलका विषयहरुका सम्बन्धमा कार्यप्रकृया अगाडि बढाउने निर्णय गरियो

क. प्रत्येक चौमासिकमा कम्तिमा एउटा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने
ख. नगरसभाबाट पारित बजेट र राजस्वको दरलाई समावेश गरि सवै वडा र नपा कार्यालयमा नागरिक वडापत्र संसोधन सहित व्यवस्थित गर्ने ।